नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय

# वातावरण विभाग

**बवरमहल, काठमाडौं**

(सूचना प्रकाशन मिति २०७६/०१/२४)

## शिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना

यस विभागको निमित्त आवश्यक तपशिलमा उल्लेखित Microwave Digester and Sonicator खरिद गर्नुपर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त मु.अ.क.मा दर्ता भएका इच्छुक फर्म वा संस्थालाई यस विभागमा रीतपूर्वक शिलबन्दी दरभाउपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि अनुरोध गरिन्छ।

- दरभाउपत्र फाराम खरिदको लागि अद्यावधिक नवीकरण गरेको व्यवसाय दर्ताको इजाजतपत्र, अद्यावधिक नवीकरण फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणपत्र, मूल्य अभिवृद्धि करमा दर्ता प्रमाणपत्र र आ.व. २०७४/०७५ को कर चुक्ता गरेको प्रमाणपत्र वा आ.व.२०७४/०७५ को कर विवरण पेश गरेको सोको प्रमाण लगायतका कागजातहरुको नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपि र तपशिलमा उल्लेखित दरभाउपत्र दस्तुर यस विभागको खाता नं ००१०१००००००००१००१००१ नेपाल बैंक लिमिटेड गावाहल, ललितपुरमा रहेको राजश्व शिर्षक १४२२९ कोड नं.३२९००३४०२ मा रकम जम्मा गरेको सक्कलै भौचर सहित दरभाउ पत्र साथ पेश गर्नु पर्नेछ ।दरभाउपत्र फारामसाथ जमानत रकम यस विभागको कोड नं. ३२९००३४०२, को.ले.नि.का., ललितपुरको नाममा रहेको धरौटी खाता नं. १८०२००००००००३००००५१ मा जम्मा गरेको सक्कलै भौँचर वा नेपाल राष्ट्र बैंकबाट "क" वर्गको मान्यता प्राप्त बैंकबाट यस विभागको नाउँमा जारी गरिएको कम्तीमा ७५ दिन म्याद भएको जमानीपत्र (विडवण्ड) दरभाउपत्र साथ पेश गर्नुपर्नेछ। यसरी पेश गरिने जमानत वापतको भौँचर वा विडवण्ड यो सूचना प्रकाशित भएको मिति पछि जारी भएकोलाई मात्र मान्यता दिइनेछ।
- दरभाउपत्र पाईने स्थानः, दर्ता गर्न सकिने र खोलिने स्थानः- वातावरण विभाग, कुपण्डोल ललितपुर।
- दरभाउपत्र फाराम खरिद गर्ने अन्तिम मितिः सूचना प्रकाशन भएको मितिले १५ औँ दिनसम्म।
- दरभाउपत्र दर्ता गर्ने र खोल्ने मिति एवं समयः क्रमशः सूचना प्रकाशन भएको मितिले १६ औँ दिन सम्म कार्यालय समयको मध्यान्ह १२:०० बजेसम्म र सोही दिनको मध्यान्ह २:०० बजे
- फाराम खरिद गर्ने र दाखिला गर्ने अन्तिम दिन बिदा परेमा उक्त कार्यहरु बिदापछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ।
- दरभाउपत्र सम्बन्धी विस्तृत सूचना यस विभागको वेभसाइट www.doenv.gov.np मा हेर्न सकिनेछ। साथै दरभाउपत्र सम्बन्धी थप जानकारी आवश्यक परेमा यस विभागको प्रशासन तथा योजना शाखा वा टेलिफोन नं. ०१-४२२०४९७ मा सम्पर्क गर्न सकिनेछ।
- अन्य कार्यविधिहरु सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार हुनेछ।
- प्रस्तुत सामाग्रि विभागले पूर्ण वा आंशिक रुपमा खरिद गर्न वा खरिद प्रक्रिया कुनै कारणबस जुनसुकै बेला रद्द गर्न सक्नेछ।

**तपशिल**

| प्याकेज नं. | विवरण | इकाई | परिमाण | दरभाउपत्र फाराम दस्तुर | जमानत वापतको रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | Microwave Digester (1set) and Sonicator(1set) | Set | 2 | १०००।- | ४०,०००/- | |